IMPERIAL Business College
IMPERIAL BUSINESS COLLEGE
Affiliated to Pokhara University
ADMISSION
NOW OPEN
BHCM
Bachelor of Healthcare Management
(Hospital Management)
BBA
Bachelor of Business Administration
01-4438293, 01-4419306
Hattisar, Kamaladi, Kathmandu

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com

मिहिनेतको कमाइको सम्मान
गर्ने बानी बसालौं,
भ्रष्टाचारमुक्त समाजको
निर्माणमा मद्दत पुर्‍याऔं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ चैत २२ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 April 04 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २१६

## कपडा उद्योगलाई विद्युत्मा ५० प्रतिशत छुट नदिने परिपत्र

प्रस, परवानीपुर, २१ चैत/

वीरगंज-पथलैया औद्योगिक कोरिडोरका रुग्ण कपडा उद्योगीहरू अहिले तनावमा छन् । चार दिन पहिले नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र यस वर्ष गत साउनदेखि फागुनसम्म छुट दिएको रकम पनि बुझाउन वितरण केन्द्रका कर्मचारीहरूले भनेका छन् ।" यस्तो निर्देशनले वीरगंज कोरिडोरका करीब दुई दर्जन साना-ठूला कपडा लेखा प्रमुख राजेश झाले नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालयले सर्कुलर अनुसार छुट नगरी गत साउनदेखि फागुन मसान्तसम्म मासिकरूपमा दिँदै आएको छुट रकम जम्मा गर्न निर्देशन दिएको गर्न ताकेदा गरेको प्रतिक्रिया दिए । उनको अनुसार हालसम्म वीरगंज-पथलैया औद्योगिक कोरिडोरका करीब २० भन्दा बढी उद्योगलाई चालू आवको आठ महीनामा करीब ५० लाखभन्दा बढी


पर्सा-बारा औद्योगिक कोरिडोरको एक कपडा उद्योगमा कार्य गर्दै कामदार । तस्वीरः प्रतीक

वीरगंजले चालू आवमा विद्युत् महसूलमा ५० प्रतिशत छुट नदिने मौखिक जानकारी गराएपछि उनीहरू तनावमा छन् । नोबेल टेक्सटाइल्स प्रालि परवानीपुरका सञ्चालक रमेश गाडियाले भने, "तीन/चार वर्षदेखि सरकारले रुग्ण कपडा उद्योगमा खपत विद्युत् महसुलमा ५० प्रतिशत सहुलियत दिँदै आएको थियो, उद्योगलाई ठूलो आर्थिक भार बढ्ने उनले बताए । मन्त्रिपरिषद्बाट सहुलियतको लागि निर्णय भएर हरेक वर्ष सुविधालाई निरन्तरता दिनुपर्नेमा सुविधा खोस्नु भनेको उद्योगलाई धराशयी बनाउनु हो भनी उनले दुःखेसो पोखे ।

यस विषयमा नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्रका बताए । उनले हालसम्म नेपाल सरकारको मन्त्रिपरिषद्बाट रुग्ण कपडा उद्योगले खपत गर्ने बिजुली महसूलमा ५० प्रतिशत सहुलियत दिने निर्णय हुन नसकेकोले दिइएको छुट पनि असुली गर्न परिपत्र आएपछि आफूहरू पनि त्यसैको कार्यान्वयनको क्रममा उद्योगी-व्यवसायीसँग छुट गरिएको रकम जम्मा रुपैयाँ सहुलियतबापत महसूलमा छुट दिइएको छ ।

यस विषयमा वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष तथा प्रदेश नं २ का सांसद ओमप्रकाश शर्माले सङ्घीय सरकारका अर्थमन्त्रीको उदासीनताका कारण यस्तो भइरहेको आरोप लगाए । यसअघिका अर्थमन्त्रीले कपडा उद्योगीलाई सुविधा दिँदै आएका तर यी अर्थमन्त्रीले कपडा उद्योगीलाई दिइएको सुविधा पनि खोस्न खोजेको आरोप लगाए । उनले यस्तो नीति रहेको देशमा आर्थिक समृद्धि आउन अझै समय लाग्ने बताए । "यसैबाट बुझ्न सकिन्छ कि जुन देशको सरकारको नीति नै उद्योगी-व्यवसायी मैत्री छैन, त्यो देशको आर्थिक अवस्था सबल हुँदैन," उनले भने, "अब जुन उद्योगीले कपडा उत्पादन गरी घाटानाफा गरी उत्पादन बेचिसके उनीहरूले छुट दिइएको रकम कहाँबाट ल्याउलान् ।" उनले यस विषयमा सङ्घ सरकारले गम्भीर भएर छुटकै पक्षमा निर्णय गर्न भूमिका खेल्नुपर्ने आग्रह गरे ।

## किसानलाई गहुँबाली भित्र्याउन भ्याइ नभ्याइ

ओमप्रकाश चौधरी, सेढवा, २१ चैत/

पर्साको ग्रामीण क्षेत्रका किसानहरूलाई अहिले गहुबाली भित्र्याउन भ्याइ नभ्याई भएको छ । धानपछिको मुख्य बालीको रूपमा रहेको गहुँ भित्र्याउन किसानहरू व्यस्त छन् ।




हार्भेस्टरको प्रयोग गरी गहुँ भित्र्याउन व्यस्त किसान । तस्वीरः प्रतीक

जीराभवानी, जगरनाथपुर, पटेर्वासुगौली, सखुवापरसौनी, धोबिनी, छिपहरमाई, विन्दवासिनी गाउँपालिका, पर्सागढी, बहुदरमाई नगरापालिकालगायत क्षेत्रका किसान गहुँ भित्र्याउनमा व्यस्त छन् ।

जीराभवानी गापा-२ का सुरेश दास थारूले फागुन महीनामा आएको हावाहुरी तथा वर्षाको कारण अधिकांश गहुँबाली ढलेको बताए । उनले सो क्षति नभएको भए पर्सामा गहुँ खेती गत वर्षभन्दा बढी हुने बताए ।

चैतमा हावाहुरी, असिना-पानी हुने सम्भावना बढी भएकोले किसानहरू हतारहतार गहुँ भित्र्याउन व्यस्त छन् । मानव-शक्तिभन्दा हार्भेस्टरबाट गहुँ कटानी गर्दा समय र खर्चको बचत हुने उनले बताएका छन् ।

यसपटक फागुन महीनामा भएको हावाहुरी असिनाले किसानहरूले थप क्षति नहोस् भनेर समय अगावै बाली भित्र्याउन शुरू गरेका छन् ।

## व्यापारीलाई लुट्ने तीनजना हतियारसहित पक्राउ

प्रस, रक्सौल, २१ चैत/

रक्सौलमा एकजना व्यापारीलाई धम्क्याएर रकम लिएको कसूरमा प्रहरीले सूचनाका आधारमा डिएसपी सागरकुमार झाको नेतृत्वमा टोली बनाएर अनुसन्धान अगाडि बढाएको र घटनामा संलग्न


घटनाबारे जानकारी गराउँदै रक्सौलका एसपी नवीनचन्द्र झा । तस्वीरः प्रतीक

तीनजनालाई पक्राउ गरेको छ ।

पूर्वी चम्पारणका एसपी नवीनचन्द्र झाले पत्रकार सम्मेलन गर्दै व्यापारीलाई धम्क्याएर २ लाख १० हजार लिएको तीनजना युवकलाई हतियार र नगदसहित पक्राउ गरिएको बताए ।

एसपी झाले दरपा थाना अन्तर्गतका एकजना व्यापारीलाई धम्क्याएर चैत १८ गते २ लाख १० हजार लुटेको उजूरी परेको र सो सम्बन्धमा अनुसन्धान गर्दा आदापुर भालुवहियाका विट्टकुमार सिंह, प्रिंस कुमार र छोटु साहलाई पक्राउ गरिएको बताए ।

पक्राउ परेकाहरूबाट लुटिएको रकममध्ये एक लाख ८० हजार बरामद भएको बताए । यसैगरी उनीहरूबाट कट्टुवा बन्दुक दुई थान र त्यसमा प्रयोग हुने गोली ५ थान बरामद भएको एसपी झाले पत्रकार सम्मेलनमा जानकारी गराए ।

अनुसन्धानमा डिएसपी झा, अतिरिक्त दरपा थानाध्यक्ष ज्वालाकुमार सिंह, आदापुर थानाध्यक्ष सन्दीप कुमार, प्राविधिक मनीष कुमार र कुमार चिरञ्जीवीको टोलीले आरोपीहरूलाई पक्राउ गरेको एसपी झाले बताए ।

## अध्यक्षमा त्रिपाठी र उपाध्यक्षमा साह उम्मेदवार

प्रस, वीरगंज, २१ चैत/

नेपाल पत्रकार महासङ्घ पर्साको निर्वाचनका लागि नेपाल प्रेस युनियन, प्रेस सङ्गठन, मधेसी पत्रकार समाज र प्रेस मञ्चबीच सहमति बनेको छ ।


तस्वीरः सौजन्य

सहमतिबाट रितेश त्रिपाठी अध्यक्ष र उपाध्यक्षमा राधव साह उम्मेदवार तोकिएका छन् ।

यसअघि साहलाई प्रेस सङ्गठनले अध्यक्षको उम्मेदवार घोषणा गरेको थियो । साझा समझदारी भएपछि उनी उपाध्यक्षका उम्मेदवार भएका छन् ।

नेपाल प्रेस युनियन, प्रेस सङ्गठन, मधेसी पत्रकार समाज र प्रेस मञ्चले शनिवार प्रेस विज्ञप्ति जारी गर्दै सो कुराको जानकारी गराएको छ ।

पत्रकार महासङ्घ पर्सा शाखाको निर्वाचनका लागि चैत २२ गते उम्मेदवारी दर्ता गर्ने मिति तय गरिएको छ ।

## २४० वर्ष पुरानो इँटा फेला पर्‍यो

प्रस, सिम्रौनगढ, २१ चैत/

प्रसिद्ध ऐतिहासिक, धार्मिक एवं पर्यटकीय स्थल सिम्रौनगढ नगरपालिका-


फेला परेका २३९ वर्ष पुरानो इँटा । तस्वीरः प्रतीक

२ अमृतगंजस्थित रामजानकी मन्दिर रानीवासको जीर्णोद्धार गर्ने क्रममा २३९ वर्ष पुरानो इँटा फेला परेको छ । भवनको अगाडिको भाग जीर्णोद्धार गर्ने क्रममा विक्रम संवत् १८३८ र १९३५ को इँटा फेला परेको हो ।

फेला परेका इँटा पुरानो जमानाको बाक्सी इँटा रहेको र उक्त इँटाहरूमा 1838 BKP र 1935 लेखिएको सिम्रौनगढ नगरपालिका कार्यपालिका सदस्य परमानन्द मुखियाले जानकारी दिएका छन् ।

विसं १९३५ मा रामजानकी रानीवास मन्दिर बनेको विश्वास छ, शिलालेखमा पनि सोही कुरा लेखिएको छ । तर भवन जीर्णोद्धार गर्ने क्रममा हाल फेला परेका इँटामध्ये १९३५ उल्लेख भएको केही फेला परेको छ भने १८३८ लेखिएको इँटा पनि फेला परेको छ ।

यसरी पुरानो इँटाले विसं १९३५ भन्दा पहिले नै त्यहाँ मन्दिर थियो र उक्त मन्दिर जीर्ण बनेपछि १९३५ मा सोही स्थानमा पुनः मन्दिर निर्माण गरिएको हुन सक्ने तर्कवितर्क चल्न थालेको छ । यसबारे खोज-अनुसन्धान हुनुपर्ने सिम्रौनगढवासीको माग छ । हाल पुरातत्त्व विभाग काठमाडौंले उक्त भवनको जीर्णोद्धार गरिरहेको छ ।

**मनुष्यले कर्म गर्न मनपरी गर्न सक्छ तर फल भोग्न गर्न सक्दैन ।**

**-विचारसार र सूक्तिहरू**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# आचरण शुद्धिमा बोधकथाको भूमिका

बोधकथालाई भाव अभिव्यक्तिको अप्रतिम साधन मानिन्छ । अनुभूतिको सहारा जब कुनै सत्य घटनाको उज्ज्वल पक्ष प्रस्तुत गर्दा कथाले आफ्नो ठोस प्रभाव पार्छ । यसको समरसता तथा रसात्मकता वा प्रस्तुत गर्ने विधिमा ज्ञान पक्ष प्रबल हुन्छ। बोधकथाले कुनै न कुनै प्रकारको ज्ञानार्जन गराउँछ, यसैले यसलाई बोधकथा भनिन्छ ।

**बोधकथासँग परिचय गराउनु नैतिक शिक्षाको दृष्टिले उपयोगी सिद्ध हुन्छ । यसको माध्यमबाट बालकमा सदाचार, सेवा–भावना, उदारता, श्रमनिष्ठा, देशप्रेम, अनाचारबाट मुक्ति र मातापिता तथा गुरुजनप्रति अगाध श्रद्धा उत्पन्न गराउन सकिन्छ ।**

वस्तुतः बोधकर्ता धार्मिक, नैतिक, व्यावहारिक र मानव मनलाई उद्वेलित गर्ने खाले हुन्छ, जब बोधकथाको माध्यमबाट सत्य घटनाको नीतिपरक पक्ष प्रस्तुत गरिन्छ, तब त्यो पूर्णतः उद्देश्यनिष्ठ हुन्छ। बोधकथाको मूल उद्गम जातक कथा, पञ्चतन्त्र तथा हितोपदेश कथा नै हुन्, जुन पाठकको अन्तःकरणलाई सात्त्विक तथा मानवीय गुणले परिपूर्ण गर्छ । प्राचीनकालमा बिग्रिएका राजकुमारलाई आदर्शवान् बनाउनको लागि यस विधाको उपयोग गरिएको थियो । हिन्दू संस्कृतिमा हाम्रो धार्मिक ग्रन्थको विशेष महत्त्व रहेको छ । रामायण, महाभारत, वेद, उपनिषद् र अन्यान्य आख्यानको माध्यमबाट सत्यलाई उजागर गरिन्छ ।

वर्तमानमा पाठकसँग समयको अभाव हुँदैछ, अतः बोधकथाको विशेष उपयोगिता मानिन्छ। बोधकथाको कलेवर अत्यधिक प्रभावपूर्ण र आकर्षक हुन्छ। जुन हृदय तन्त्रिकालाई तत्काल झङ्कृत गरिदिन्छ। कुनै पनि भटकिएका बटुवाको मार्ग प्रशस्त गरेर उसलाई सन्मार्गको दिशामा अग्रसर हुने चेतना प्रदान गर्छ । बोधकथाको सम्बन्धमा एमर्सनले भनेका थिए– "जो मनुष्यले मेरो सन्देश सुन्छ, जसले मलाई बुझ्छ, सदा–सदाको लागि उसको ममाथि अधिकार हुन्छ ।"

वर्तमान समयमा नित्य नयाँ घटनामा चोरी, डकैती, भ्रष्टाचार, दुष्कर्म, बलात्कार, उत्पीडन, लूटपाट, हिंसा आदि बाहुल्य छ । यस समग्र घटनाले बालमनमाथि कुत्सित र दुस्प्रभाव पार्ने स्वाभाविक हो । ऊ विविध घटनाबाट प्रभावित भएर बरालिन्छ । यस्तो अवस्थामा बोधकथा रामबाणसरह हुन्छ। जुन एउटा नयाँ चेतना र जागृति उत्पन्न गर्छ। प्राचीनकालमा वन्यजीवको कथा, नीति कथा, जातक कथा, हातिमताई तथा अलिफ लैला जस्ता लघुकथाको विशेष प्रचलन रहेको छ । आचार्य जानकीवल्लभ शास्त्रीका अनुसार जस्तै महाकाव्यको आंशिक गुणबाट युक्त काव्यलाई खण्डकाव्य अथवा गीतिकाव्य भनिन्छ, त्यसै प्रकार कथाशिल्पको आरम्भबाट चरम बिन्दुसम्मको अनेक तत्त्वलाई प्रभावशाली ढङ्गले आत्मसात् गरी जुन विधा प्रकाशमा आएको छ, त्यसलाई बोधकथा भनिन्छ । राजेन्द्र परदेशीको यस सन्दर्भमा कथन छ– "कुनै पनि घटनालाई देखेर वा सुनेर तत्क्षण जुन प्रतिक्रिया कथ्यको रूपमा आउँछ, त्यसलाई बोधकथा भनिन्छ ।"

बोधकथाले जीवनलाई मधुर बनाउँछ। सात्त्विक सन्देशले भरिपूर्ण हुन्छ। वस्तुतः बोधकथा साहित्यरूपी उद्यानमा पुष्पावलिया हो, जुन मानव मात्रलाई जीवनपर्यत्न आफ्नो सुगन्ध सौरभले आकृष्ट गरिरहन्छ। बोधकथा लघु, सूक्ष्म, गहन, प्रहारक, तिखो, साङ्केतिक र ग्राह्य हुन्छ, अतः तत्काल प्रभावको लागि जानिन्छ । बोधकथाले वास्तविकताको ढुङ्गे र कठोर बाटोमा हिंड्ने बटुवालाई सोच्न बाध्य गर्छ। यस कथामा पात्रको सङ्ख्या कम हुन्छ। यो कथा सरल, सरल र बोधगम्य हुन्छ । दैनिक जीवनसँग सम्बन्ध घटनाक्रमसँग जोडिएको हुन्छ, जुन प्रकाशस्तम्भको कार्य गर्छ ।

शिक्षण संस्थामा विषयाध्यापनमा थुप्रैपटक यस्ता अवसर आउँछ, जब कुनै सन्दर्भ वा घटनाक्रमको सहारा लिएर तथ्यलाई स्पष्ट गरिन्छ । यस्तोमा बोधकथाको उपयोग प्रासङ्गिक हुन्छ, जुन विद्यार्थीमा संस्कारको निर्माणमा सहयोगी हुन्छ ।

विशेषतः शिक्षण संस्थामा जहाँ नयाँ पीढीको बिरुवा तयार भइरहेको हुन्छ, त्यहाँ यदि बोधकथाद्वारा बालमनलाई पोषण दिइन्छ भने भोलिका नागरिकले सही मार्गलाई अनुसरण गर्न सक्छ । उनीहरूलाई विषयाध्यापन, कला, शिक्षा, पुस्तकालय, वाचनालय, खेल–मैदान, सहगामी प्रवृत्ति आदिमा बोधकथाको प्रयोग विशेष सार्थक सिद्ध हुन्छ । आचरण–शुद्धिको लागि बोधकथा एउटा सशक्त साधन हो, बोधकथाको भावभूमि आत्मीकरणबाट स्थायी परिवर्तनको सम्भावना बन्छ । बेइमान व्यक्ति इमानदार, भ्रष्टाचारी सदाचारी, क्रूर दयालु र डरपोक निडर बन्ने दिशामा अग्रसर हुन्छ। मानवीय मूल्यको आविर्भाव हुन्छ तथा व्यक्तिको नैतिक आचरण शुद्ध हुन्छ, जुन राष्ट्र र समाजको सुख समृद्धिको लागि आवश्यक हो। बोधकथा मानव मनलाई अध्यात्म–अमृतबाट सराबोर गर्छ तथा परमात्माप्रति आस्था उत्पन्न गर्छ, जुन विश्व–बन्धुत्वको भावनालाई प्रबल बनाउँछ ।

बोधकथासँग परिचय गराउनु नैतिक शिक्षाको दृष्टिले उपयोगी सिद्ध हुन्छ । यसको माध्यमबाट बालकमा सदाचार, सेवा–भावना, उदारता, श्रमनिष्ठा, देशप्रेम, अनाचारबाट मुक्ति र मातापिता तथा गुरुजनप्रति अगाध श्रद्धा उत्पन्न गराउन सकिन्छ। आवश्यकता छ, यसको लागि योजनाबद्ध शिक्षण प्रबन्धन एवं निर्देशनको । अतः आजको भागदौड जीवनचर्यामा नैतिक आचरणको लागि बालकलाई दिशाबोध बोधकथाको माध्यमबाट बढी सार्थक सम्भव हुन सक्छ।

# वातावरण प्रदूषणमा को जिम्मेवार ?

समयान्तर

ओमप्रकाश खनाल
omkhanal@gmail.com

**अहिले जङ्गलमा लागेको डढेलो वायु प्रदूषणको सतहमा आएको पछिल्लो कारण मात्रै हो । यो प्रवृत्ति वर्षौंदेखि पुनरावृत्ति भइआएको छ । विगतका वर्षहरूमा यसले उतिसारो असर पारेको थिएन । अहिले जनजीवनलाई नै सकस दिएबाट हाम्रो वातावरणमा प्रदूषण उत्कर्षतिर पुगेको अनुमान सहजै गर्न सकिन्छ ।**

वातावरण प्रदूषण नियन्त्रणमा सरकार रमिते बनेको भन्दै हालै सङ्घीय राजधानी काठमाडौंमा प्रदर्शनमा उत्रिएकालाई प्रहरीले पक्राउ गऱ्यो । विगत केही सातादेखि वनजङ्गलमा लागेको डढेलोले वायु प्रदूषण बढेपछि सरकारले चार दिन त विद्यालय नै बन्द गरायो। जनस्वास्थ्यमा विभिन्न समस्या देखिन थालेपछि सरकारले सर्वसाधारणलाई अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्किन आग्रहसमेत गरेको छ । राजधानीलगायतका स्थानमा वर्षा भएपछि प्रदूषण कम भएको विज्ञहरूले बताएका छन् । यसै पनि काठमाडौं उपत्यकाको हावामा प्रदूषणको मात्रा मापदण्डभन्दा अधिक रहँदै आएको छ। काठमाडौं उपत्यकाको हावामा विश्व स्वास्थ्य सङ्गठनको मापदण्डभन्दा करीब २० गुणा बढी विषालु प्रदूषण भेटिएको तथ्य अध्ययनहरूले सार्वजनिक गरिसकेका छन्। जाडो मौसममा प्रदूषण अझ बढ्ने भन्दै बिहानको समयमा घरबाहिर ननिस्किन विज्ञहरूले सुझाइराखेका हुन्छन् ।

अहिले डढेलोका कारण देखिएको प्रदूषणमा अपनाइएका बचाउका उपायहरू अल्पकालीन मात्रै हुन् । वातावरण विनाश र यसका अवयवहरूको पुनरावृत्ति समस्याको मूल जड हो । विकास र वातावरण एकअर्काका प्रतिस्पर्धी हुन्, यस अर्थमा यी दुई पक्षबीच सन्तुलन मिलाएर मात्रै दिगो विकासको उद्देश्य पूरा हुन सक्छ। वातावरण र विकासको सन्तुलित उपक्रमबाटै लक्षित लाभको प्राप्ति सम्भव छ । तर हामीकहाँ वातावरणीय सन्तुलनसहितको विकास कागजी प्रतिबद्धताको विषय मात्रै बन्न पुगेको छ।

वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्षरूपले परिवर्तन गरी ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि–नोक्सानी पुऱ्याउने क्रियाकलापलाई प्रदूषण मानिएको छ । वातावरण संरक्षण ऐन, २०५३ ले यसरी प्रदूषणलाई परिभाषित मात्र गरेको छैन, प्रदूषणकारीलाई कारबाहीको प्रबन्ध पनि गरेको छ । यतिखेर डढेलोको सन्दर्भ सतहमा आए पनि उद्योग प्रतिष्ठानहरू वातावरण विनाशको मुख्य स्रोत बनेका छन् । औसत उद्योगहरूले वातावरण प्रभाव न्यूनीकरणका निम्ति स्वीकार गरेका शर्त र मापदण्डहरूको पालना नगरेको पाइएको छ। यस्ता मापदण्ड केवल कर्मकाण्डी मात्र छैनन्, अधिकांश प्रावधानले वातावरण जगेर्ना त होइन, बरु भ्रष्टाचारलाई बढावा दिएको अवस्था छ।

विश्वमा वार्षिक ७ करोड मानिसको मृत्यु प्रदूषणका कारण भइरहेको विश्व स्वास्थ्य सङ्गठनको अध्ययनले देखाएको छ। विश्व स्वास्थ्य सङ्गठनले क्यान्सरको मुख्य कारण पनि प्रदूषणलाई नै मानेको छ । श्वासप्रश्वाससम्बन्धी ३० प्रतिशत रोग दूषित हावाले हुने गरेको छ । श्वासप्रश्वाससम्बन्धी समस्याका कारण नेपालमा वार्षिक १ हजार ६ सय मानिसको ज्यान गइराखेको सरकारी तथ्याङ्क छ। केही वर्षअघि १३२ देशमा गरिएको अध्ययनमा नेपाल वातावरणीय सूचकाङ्कमा १०६औं स्थानमा छ । त्यो अध्ययनले नेपाललाई हावाको कारण हुने असरमा १३० र प्रदूषित पानीले मानव स्वास्थ्यमा पारेको असरमा १०२औं स्थानमा राखेको छ । केही समयअघि संसदीय अध्ययनले राजधानी आसपासका १२० वटा इँटा उद्योग र बढ्दो सवारी चापलाई प्रदूषणको मुख्य कारण ठहर गरेको थियो। यहाँनिर विचारणीय पक्ष के हो भने औद्योगिकीकरणमा खासै उपलब्धि नभएर पनि हामी प्रदूषण नियन्त्रणमा किन कमजोर छौं ? हामीकहाँको औद्योगिकीकरणले वातावरण जोगाउने मापदण्डलाई पालना गरेको छैन, न विकासे अन्य आयामहरूले नै वातावरणसित सन्तुलन कामय राख्न आवश्यक ठानेकै छन् ।

विश्व स्वास्थ्य सङ्गठनले छाला, पशु वधशाला, प्लास्टिक, रिफाइनरी, भट्टीमा आधारित, तेललगायतका उद्योगलाई बढी प्रदूषण उत्पन्न गर्ने उद्योग भनेको छ । सबैभन्दा ठूलो औद्योगिक कोरिडोर मानिएको वीरगंज क्षेत्रमा यो समस्या पनि अन्यत्रभन्दा बढी देखिएको छ । यहाँका स्टील, सिमेन्ट, छाला, तेल, कपडा, साबुनलगायतका उद्योगले वायु, जल र जमीन प्रदूषित गरेका विषय बेलाबेलामा उठ्ने मात्र गरेका छैनन्, यी विषय स्थानीय बासिन्दा र उद्योगबीच चलिआएको लामो द्वन्द्वको कारण पनि बनेका छन् ।

औसत उद्योग प्रतिष्ठानहरूले उत्सर्जित फोहोर नदी वा खाली ठाउँमा फाल्ने गरेका छन् । वीरगंज–पथलैया करिडोर मात्र होइन, पूर्वी नेपालको सुनसरी–मोरङ कोरिडोर र विराटनगर क्षेत्रमा पनि यो समस्या बढ्दै गएको छ । उद्योगको रसायनयुक्त पानी खेतसम्म पुगिराखेको छ। उद्योगको प्रदूषणबाट बासिन्दा मात्र होइनन्, त्यस क्षेत्रको जमीनको उत्पादकत्वमा पनि ह्रास आइराखेको छ। जीवजन्तु र वनजङ्गल पनि प्रभावित छन्।

केही वर्षअघि स्थानीय प्रशासनको पहलमा वीरगंज–पथलैया कोरिडोरमा गरिएको अनुगमनका क्रममा ४६ वटा ठूला उद्योगले स्थानीय श्रीसिया नदीलाई दूषित बनाएको भेटिएको थियो। अहिले पनि यो क्रममा कुनै सुधार देखिएको छैन । एक वर्ष छठ पर्वमा स्थानीय सरकारले चेतावनी दिएरै श्रीसियामा नुहाउनयोग्य पानी बगाउन सफल भएको थियो। उद्योगले फोहोर नफाले नदी सफा हुँदो रहेछ भन्ने स्पष्ट भइसक्दा पनि यो अभियानले निरन्तरता पाएको छैन। हालै एउटा संसदीय टोलीले केही उद्योगमा स्थलगत निरीक्षण गरेको समाचार सञ्चारमाध्यममा देखिएको थियो। यस्ता अध्ययन र निरीक्षणबाट निस्किएको निचोड कार्यान्वयनमा आएको जानकारी भने छैन ।

कतिपय राजनीतिकर्मीका लागि यस्ता अध्ययनले पत्ता लगाएका तथ्यहरू उद्योग प्रतिष्ठानप्रति आफ्नो वैयक्तिक आग्रह पूरा गर्ने औजार बढी बनेको भेटिएको छ। विगतमा श्रीसिया नदीमा भइरहेको प्रदूषणबारे अध्ययनको निष्कर्षलाई एकजना उद्योगमन्त्रीले चन्दा नपाएको प्रतिशोध साँध्ने हतियार बनाएको चर्चा उद्योगी वृत्तमा अहिले पनि चल्ने गरेको छ । सबैभन्दा ठूलो औद्योगिक कोरिडोरको यो दुरवस्था समग्र औद्योगिक प्रदूषणको प्रतिनिधि सन्दर्भ मात्रै हो ।

नेपालको संविधानमैं वातावरण संरक्षणमा राज्यको प्राथमिक भूमिका हुने उल्लेख छ। वातावरण संरक्षण ऐन २०५३ मात्र होइन, जलस्रोत ऐन २०४९ ले पनि प्रदूषण गर्नेलाई कारबाहीको व्यवस्था गरेको छ । यतिमात्र होइन, नेपालले वातावरण संरक्षणसम्बन्धी करीब ढेड दर्जन अन्तर्राष्ट्रिय सन्धि–सम्झौतामा हस्ताक्षर गरिसकेको छ । जलस्रोतको सहन सीमा नाघ्ने गरी प्रदूषण गरेमा उद्योगहरूको अनुमति खारेज गर्नेसम्मको कानूनी व्यवस्था छ। सरकार यसमा आवश्यकताजति गम्भीर छैन । भएका कानूनी व्यवस्था सरोकारका निकायका औसत आसीनहरूका निम्ति दोहनको औजार मात्रै बढी भएको छ।

नेपालको औद्योगिक विकासको चरणले ८० वर्ष पार गरिसके पनि यो पर्याप्त छैन । यस अर्थमा हामी अहिले पनि औद्योगिकीकरणको प्रारम्भिक चरणमैं छौं। सुरुआतमैं उद्योगका कारण वातावरणको चरम विनाशका पहेलीहरू प्रकट भइराखेका छन्। यी सन्दर्भ हाम्रा निम्ति कमजोरी सच्याएर वातावरण जोगाउने मोडेलको औद्योगिक विकासको मार्गदर्शक बन्न नसक्ने कारण छैन । केही समयअघि वीरगंज उद्योग वाणिज्य सङ्घले वीरगंज–पथलैया कोरिडोरमा औद्योगिक ढल र वाटर ट्रिटमेन्ट प्लान्टको माग गरेको थियो। यो माग सरकारी आश्वासनमा थिचियो। अहिले उद्योगको पानी निकासको समस्या वीरगंज–पथलैया व्यापारिक मार्ग आयोजना र स्थानीय उद्योगबीच विवादको अर्को अध्याय बन्न पुगेको छ।

प्रत्येक उद्योगले उद्योगबाट निस्किने रासायनिक विकार प्रशोधन गरेर मात्रै निकास गर्नुपर्ने शर्त स्वीकार गरेको हुन्छ। तर उद्योगैपिच्छे यस्तो प्रशोधन प्लान्टको स्थापना गरिएको छैन, यो व्यावहारिक पनि छैन। अनुदानमा बनेका केही प्लान्ट पनि बन्द राखिएका छन् । मुख्य औद्योगिक कोरिडोरमा सामूहिक प्रशोधनको प्रविधि राख्न सकिन्छ । औद्योगिक नाला निर्माण गरेर प्रदूषित पानी प्रशोधनपश्चात् खोलामा खसाल्ने व्यवस्था मिलाउन सकिन्छ। उद्योगलाई खास क्षेत्रमा एकीकृत गरेर प्रदूषण नियन्त्रणको उपायलाई सहज बनाउन सकिने भएपनि त्यसतर्फ पहल भएको छैन ।

अहिले जङ्गलमा लागेको डढेलो वायु प्रदूषणको सतहमा आएको पछिल्लो कारण मात्रै हो । यो प्रवृत्ति वर्षौंदेखि पुनरावृत्ति भइआएको छ । विगतका वर्षहरूमा यसले उतिसारो असर पारेको थिएन । अहिले जनजीवनलाई नै सकस दिएबाट हाम्रो वातावरणमा प्रदूषण उत्कर्षतिर पुगेको अनुमान सहजै गर्न सकिन्छ। जैविक सन्तुलनका लागि खास क्षेत्रमा डढेलो लगाउने पनि गरिएको छ। तर यसलाई थप व्यवस्थित बनाउनुपर्ने देखिएको छ। जङ्गल जलाएर होओस् वा दूषित पानी र निकासबाट वातावरण दूषित पार्ने कामलाई बन्द गरिनुपर्दछ । कानूनी प्रावधानबाट कसेर मात्र पनि पुग्दैन, उद्देश्यमूलक कार्यान्वयन र त्यस अनुसारको पूर्वाधार प्रवर्द्धनको पनि खाँचो छ।

# विन्दवासिनीमा ब्युटिसियन तालीम सम्पन्न

सञ्जीव मिश्र, विन्दवासिनी, २१ चैत/

विन्दवासिनी गाउँपालिकाद्वारा सञ्चालित पचास दिने ब्युटिसियन तालीम समापन भएको छ।

तालीम समापन कार्यक्रमका प्रमुख अतिथि वडा नं. ५ का वडाध्यक्ष शुकदेवराउत अहिरले तालीममा सिकेको कुरा व्यवहारमा लागू गरी रोजगारमा लाग्न सुझाव दिए। महिला रोजगारको लागि गाउँपालिकाले तालीम आयोजना गरेकोले तालीमप्राप्त महिलाहरूलाई आत्मनिर्भर बन्न अग्रसर हुन सुझाव दिए।

गाउँपालिकाका सामाजिक विकास शाखा प्रमुख नरेशप्रसाद चौहानले सीप सिकेर व्यवहारमा उतार्न सके महिलाहरूलाई लाभ पुग्ने बताए। उनले सौन्दर्य महिलाहरूको गहना भएको र यसलाई ग्रामीण क्षेत्रमा बजारीकरण गर्न सके महिला रोजगारतर्फ अग्रसर हुन सक्ने बताए।

ज्योति बहुउद्देशीय मिडिया प्रा.लि. वीरगंजका शेख मखदुम जहाँगस्तको संयोजक श्रवणप्रसाद साहलगायतले मन्तव्य व्यक्त गरेका थिए।


तस्वीरः प्रतीक

अध्यक्षतामा भएको कार्यक्रममा वडासचिव अर्जुनप्रसाद चौहान, कार्यक्रम ५० दिने तालिममा गापाका ५० जना महिला, बालिकाहरू सहभागी थिए।

# करणी मुद्दामा फरार हवारी पक्राउ

प्रस, वीरगंज, २१ चैत/

जिल्ला प्रहरी कार्यालय, बाराले जबरजस्ती करणी मुद्दामा फरार भारतीय नागरिकलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय गजुरी धादिङ चलान गरेको छ।

भारत मोतिहारी जिल्ला आदापुर थाना निवासी २५ वर्षीय सन्ताज हवारीलाई बारा जिल्ला देवताल गाउँपालिका–७ पिपरपाति जब्दीबाट हिजो पक्राउ गरी इप्रका गजुरी चलान गरिएको बारा प्रहरी प्रवक्ता गौतम मिश्रले बताए।

यही चैत ८ गते हवारी धादिङ बेनिघाट रोराङ गाउँपालिका–३ मलेखु बस्ने १५ वर्षीया नाबालिकालाई जबरजस्ती करणी गरी फरार भएका थिए। हवारी गजुरीमा बुवाले खोलेको वर्कसपमा काम गर्दै आएका थिए। सोही क्रममा उनले सो घटना गरेर फरार भएपछि बारा प्रहरीले पक्राउ गरेको हो।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकी संसद् भवनबाहिर प्रहरी अधिकृतको हत्या

वाशिङ्टन, २१ चैत/एएफपी

अमेरिकी संसद् क्यापिटल हिल परिसरमा सुरक्षार्थ खटिएका एक प्रहरी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पका समर्थकले आक्रमण गरेको तीन महीना पुग्नै लाग्दा यस्तो घटना भएको हो।



घटनामा प्रहरीमाथि छुरा प्रहार गर्ने नोहा ग्रीनले प्रयोग गरेको कार क्षतिग्रस्त अवस्थामा। तस्वीरः एएफपी

अधिकारीमाथि संदिग्ध व्यक्तिले छुरा प्रहार गरी हत्या गरेका छन्।

सुरक्षाकर्मी रहेको स्थानमा कार दौडाएर हमला गरेका ती व्यक्तिको कार वाशिङ्टन कम्प्लेक्सको सुरक्षा अवरोधमा गएर ठोक्किएको थियो। आक्रमणकारी व्यक्ति कारबाट बाहिर निस्केर प्रहरीमाथि अन्धाधुन्ध छुरा प्रहार गरेका थिए, जसबाट एकजना प्रहरीको मृत्यु भएको र अर्को एक प्रहरी घाइते भएका थिए।

अमेरिकी संसद् कङ्ग्रेसमा हिंसात्मक आक्रमण भएको र त्यसबाट एक प्रहरीको ज्यान गएको थाहा पाउँदा जिल र मलाई अत्यन्त दुःख लागेको छ।"

क्यापिटल प्रहरीका कार्यवाहक प्रमुख योगानन्द पिटम्यानले आक्रमणकारी व्यक्तिको प्रहरी कारबाहीमा मृत्यु भएको जानकारी दिए।

इस्टरको बिदा मनाउन पत्नी जिल बाइडेनका साथ क्याम्प डेभिडमा रहेका राष्ट्रपति जो बाइडेनले हत्या गरिएका प्रहरी अधिकारी विलियम इभान्सका परिवारजनप्रति गहिरो सहानुभूति प्रकट गरेका छन्।

"क्यापिटल परिसरको सुरक्षा जाँचमा खटिएका प्रहरीमाथि भएको

अमेरिकी सञ्चारमाध्यमहरूले आक्रमणकारी व्यक्ति २५ वर्षीय अश्वेत नोहा ग्रीन रहेको बताएका छन्। उनी अश्वेत राष्ट्रवादी नामको नेशन अफ इस्लाम आन्दोलनसँग आबद्ध रहेको पनि सञ्चारमाध्यमहरूले बताएका छन्।

प्रहरी अधिकृत पिटम्यानले आक्रमणको उद्देश्यबारे तत्काल भन्न नसकिने बताए। यो घटना आतङ्कवादसँग सम्बन्धित रहेको देखिन्न, तर हामी अनुसन्धान गर्दैछौं, उनले भने। रासस

## ताइवान रेल दुर्घटनाबाट देशभर शोक, एक दशकयताकै भयानक दुर्घटना

हुवालिएन, ताइवान, २१ चैत/एएफपी

ताइवानको इतिहासमैं शुक्रवारको सर्वाधिक भयानक रेल दुर्घटनाबाट



रेल दुर्घटनापछि यात्रुको उद्धार गर्दै। तस्वीरः सिन्ह्वा

कम्तीमा ५० जनाको मृत्यु भएपछि देशभर शनिवार शोक मनाइएको छ।

मृतकहरूको सम्झनामा देशभर शनिवार राष्ट्रिय झन्डा आधा झुकाइएको छ।

खोज तथा उद्धार टोलीहरू रेलका क्षतिग्रस्त डब्बाहरू बाहिर निकाल्न जुटेका छन्। अधिकारीहरूले शुक्रवारको रेल दुर्घटना एउटा मर्मतका लागि प्रयोग गरिएको ट्रक चिप्लिएर रेलको लिकमा खसेपछि भएको बताएका छन्।

छुट्टी मनाउन हिंडेका व्यक्तिले खचाखच भरिएको त्यस रेलमा ५०० भन्दा बढी मानिस सवार थिए। तीव्र गतिमा दौडिरहेको रेल एउटा साँघुरो सुरुङ (टनेल)भित्र प्रवेश गर्नै लाग्दा ट्रकमा ठोक्किएर आफ्नो लिकबाट उछिट्टिएको थियो।

पार्किङ ब्रेक राम्रोसँग नलगाएको आरोपमा पक्राउ परेका ट्रक ड्राइभरलाई प्रहरीले सोधपूछ गरी जमानतमा छाडेको छ।

उद्धारकर्ताहरूले सुरुङभित्रको अवस्था दयनीय रहेको र रेलको अग्रभागका साथै डब्बाहरू कच्याककुचुक भएको पाएका थिए। तीमध्ये अगाडिको आठ नम्बरको डब्बामा सबैभन्दा बढी क्षति पुगेको थियो र यही डब्बामा सबैभन्दा बढी व्यक्तिको ज्यान गएको थियो, उद्धारकर्मी चाङ जि–चेनले बताए।

ताइवानको गृह मन्त्रालयले देशभर तीन दिनसम्म राष्ट्रिय झन्डा आधा झुकाउन आदेश दिएको थियो भने राष्ट्रपति चाई इङ्–वेनले हुलियानको अस्पतालमा पुगेर घाइतेहरूलाई भेटेका थिए।

उक्त दुर्घटनामा परेका १७५ जनाभन्दा बढी व्यक्तिलाई अस्पतालमा भर्ना गरिएको थियो। मृतकहरूमा एक जना फ्रान्सेली नागरिक पनि थिए।

दुर्घटनामा परेकाहरूले आफूले भोगेका निकै डरलाग्दा कथाहरू सुनाएका छन्। एप्पल दैनिकसँग कुरा गर्दै एक पीडितले आफूले मानिसका शरीर र अङ्गहरू छरपस्ट देखेको बताएका छन्।

ताइवानमा सन् २०१८ मा पनि ठूलै रेल दुर्घटना भएको थियो, जसमा १८ जनाको मृत्यु भएको थियो। सन् १९९१ मा दुईवटा रेल एकापसमा ठोक्किएर भएको अर्को दुर्घटनामा ३० जना यात्रुको ज्यान जानुका साथै ११२ जना गम्भीर घाइते भएका थिए। रासस

## कोभाक्स र द्विपक्षीय सम्झौताबाट अफ्रिकामा २ करोड ९१ लाख डोज खोप पुग्यो

अदिस अबाबा, २१ चैत/सिन्ह्वा

अफ्रिकी मुलुकहरूले कोभाक्स सुविधा र द्विपक्षीय सम्झौता अन्तर्गत कोभिड–१९ विरुद्धको करीब दुई करोड ९१ लाख डोज खोप प्राप्त गरेका छन्।

अफ्रिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्र (अफ्रिका सिडिसी)का अनुसार बिहीबारसम्ममा कुल प्राप्त भएको खोपमध्ये एक करोड ३ लाख डोज खोप मानिसहरूलाई लगाइसकिएको छ।

अफ्रिकी युनियन मातहतको अफ्रिका सिडिसीले खोप प्राप्त गरेकाहरूमा मुख्यगरी स्वास्थ्य कार्यकर्ता, विभिन्न रोगको जोखिममा रहेका तथा ५० वर्ष वा सोभन्दा बढी उमेर समूहका व्यक्तिहरू रहेको जनाएको छ।

अफ्रिका सिडिसीले यसै साताको शुरूमा जोन्सन एन्ड जोन्सन र अफ्रिकी खोप कार्यदलबीच सम्झौता भएको बताएको छ। सम्झौताबमोजिम जोन्सन एन्ड जोन्सनले अफ्रिकी युनियनका सदस्य राष्ट्रहरूलाई २२ करोड डोज खोप उपलब्ध गराउनेछ। साथै १८ करोड डोज खोप थप खरीद गर्न सकिने समेत सम्झौतामा उल्लेख छ।




जोन्सन एन्ड जोन्सनको खोप दक्षिण अफ्रिकामा रहेको अस्पेन बायोफर्माले उत्पादन गर्नेछ।

अफ्रिका सिडिसीले सार्वजनिक गरेको पछिल्लो विवरणमा गत शुक्रवारसम्म अफ्रिकामा कोभिड–१९ बाट सङ्क्रमितको सङ्ख्या ४२ लाख ४० हजार पुगेको छ भने एक लाख १३ हजारभन्दा बढी मानिसको मृत्यु भएको छ। रासस

## प्रधानमन्त्रीद्वारा एकैपटक १६५ सडक शिलान्यास

काठमाडौं, २१ चैत/रासस

प्रधानमन्त्री केपीशर्मा ओलीले शनिवार एकैपटक १६५ सडकको शिलान्यास गरेका छन्।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको विशेष समारोह भर्चुअल माध्यमबाट उनले हरेक निर्वाचन क्षेत्रमा एउटा सडक हुने गरी १६५ सडकको शिलान्यास गरेका हुन्। रु ५७ अर्ब १० करोडको लागतमा तीन वर्षमा निर्माण गर्ने गरी ती सडक सम्पन्न गर्ने लक्ष्य लिइएको छ।

१६५ निर्वाचन क्षेत्रमा एक/एक वटा सडकका दरले शिलान्यास गरिएको हो। प्रधानमन्त्री ओलीले सम्बन्धित मन्त्रालय, विभाग र सरोकारवालालाई शिलान्यास गरेका सडकका काम ढिला नगर्नसमेत आग्रह गरे।

उनले आफू प्रधानमन्त्री भएदेखि अहिलेसम्म कालोपत्रे सडक निर्माण र स्तरोन्नति सडक तीन हजार ५१२ किलोमिटर भएको जानकारी दिए। उनका अनुसार ६२८ वटा सडक पुल (झोलुङ्गे) पुलबाहेक निर्माण भएका छन्।

कार्यक्रममा यातायात तथा भौतिक पूर्वाधारमन्त्री वसन्त नेम्वाङले तीन वर्षमा तीन हजार ५१२ किलोमिटर ६ लेनका सडक निर्माण भइरहेको जानकारी दिए।

यस्तै, तीन हजार ३०० किलोमिटर ग्रेभल सडक, एक हजार ६८६ किलोमिटर नयाँ ट्र्याकका सडक पनि निर्माणका क्रममा रहेको उनले जानकारी गराए।

## पोखरेल नेतृत्वको उम्मेदवार घोषणा

काठमाडौं, २१ चैत/रासस

नेपाल पत्रकार महासङ्घको २६औं महाधिवेशनका लागि नेपाल प्रेस युनियन, प्रेस चौतारी नेपाल, प्रेस सङ्गठन नेपाललगायत पत्रकारहरूको संस्थाले शनिवार संयुक्तरूपमा उम्मेदवार घोषणासभाको आयोजना गरेका छन्।

आज आयोजित कार्यक्रममा विपुल पोखरेल नेतृत्वको महासङ्घ केन्द्रीय समितिको लोकतान्त्रिक, व्यावसायिक, श्रमजीवी पत्रकारको संयुक्त प्यानल घोषणा गरिएको हो। घोषित उम्मेदवारहरूमा अध्यक्षमा पोखरेल, वरिष्ठ उपाध्यक्षमा रमेश विष्ट, उपाध्यक्ष महिलामा बाला अधिकारी, समावेशी उपाध्यक्षमा उदय जिएम, महासचिवमा रोशन पुरी छन्।

यस्तै, खुला सचिवमा गोविन्दप्रसाद चौलागाईं, महिला सचिव सुजना अर्याल, आदिवासी जनजाति सचिव नारायणसुन्दर किलम्बू, मधेसी सचिव दीपेन्द्र चौहान, दलित सचिवमा हेमकर्ण विक, एशोसिएट सचिव पवन आचार्य, कोषाध्यक्षमा कलेन्द्र सेजुवाल र लेखा समिति संयोजकमा लेखनाथ न्यौपाने छन्।

यस्तै, खुला सदस्यमा छवि तिवारी, नारायणप्रसाद पङ्गेनी, वासुदेव शर्मा, माधव पौडेल, रमेश खतिवडा र शिवराज खत्री छन्।

महिला सदस्य (खस आर्य)मा सरिता तिम्सिना, महिला सदस्य (मधेसी)मा ललिताकुमारी साह, आदिवासी जनजाति महिला सदस्यमा शान्ता आङबुहाङ, दलित महिला सदस्यमा सरिता बराइली छन्। यस्तै, आदिवासी जनजाति सदस्यमा भीसन राई र आदिवासी जनजाति (महिला)मा सन्चकुमारी लामा तामाङ, दलित सदस्य प्रकाश धौलाकोटी र दलित महिला सदस्यमा राधा नेपाली उम्मेदवार छन्।

मधेसी सदस्यमा सुभाषप्रसाद साह र मधेसी महिला सदस्यमा रिङ्कुकुमारी मिश्र, सदस्य (अपाङ्गता)मा नवीन रिजाल र अल्पसङ्ख्यकमा इफ्तार हसन, लेखा समिति सदस्य खुलामा मुकुन्दप्रसाद भण्डारी र लेखा समिति सदस्य (महिला)मा देवी सापकोटा छन्।

सदस्यमा प्रदेश नं १ मा अमर खड्का र श्यामकृष्ण दाहाल, प्रदेश नं २ मा अनिल मिश्र र शिव पुरी, वाग्मती प्रदेशमा ध्रुव रावल र सुनील खड्का, गण्डकी प्रदेशमा प्रदीप काफ्ले र त्रिभुवन पौडेल, लुम्बिनी प्रदेशमा भवानीप्रसाद पाण्डे र सुशील पोखरेल, कर्णाली प्रदेशमा दीपेन्द्र शर्मा र भीमबहादुर सिंह, सुदूरपश्चिम प्रदेशमा उत्तरसिंह विष्ट र भरतबहादुर शाह उम्मेदवार छन्।

यस्तै, उपत्यका प्रदेशमा शान्तराम बिडारी र ज्ञानप्रसाद पौडेल, प्रतिष्ठान प्रदेशमा गजेन्द्रराज ओझा र रामकृष्ण अधिकारी, एशोसिएट प्रदेशमा ओमबन्धु कार्की र विकास कार्की उम्मेदवार छन्।

### महाधिवेशनका लागि केन्द्रीय प्रतिनिधि तोकियो

नेपाल पत्रकार महासङ्घले यही चैत २५ गते हुने महाधिवेशनलाई स्वस्थ, मर्यादित र व्यवस्थित बनाउन केन्द्रीय प्रतिनिधि खटाएको छ। त्यस दिन केन्द्र, प्रदेश र शाखा कार्यसमितिको निर्वाचन हुने जनाइएको छ। निर्वाचनलाई सफल बनाउन आम पत्रकारलाई आग्रह गर्दै महासङ्घले केन्द्रीय प्रतिनिधि खटाएको जनाएको छ।

महासङ्घका सचिव प्रकाश थापाका अनुसार प्रदेश नं १ मा उपाध्यक्ष दिलीप थापामगरको नेतृत्वमा केन्द्रीय सदस्य उद्धव तिमिल्सिना र सटेन्द्र जवेगु केन्द्रीय प्रतिनिधि तोकिएका छन्। यस्तै, प्रदेश नं २ मा सचिव शीतल महतोको नेतृत्वमा केन्द्रीय सदस्यहरू सुरेश यादव र शैलेन्द्र झा, वाग्मती प्रदेशमा सचिव रामप्रसाद दाहालको नेतृत्वमा केन्द्रीय सदस्य टेकराज थामी र नकुल अर्याल केन्द्रीय प्रतिनिधि तोकिएका छन्।

गण्डकी प्रदेशमा कोषाध्यक्ष राजेश मिश्रको नेतृत्वमा केन्द्रीय सदस्य नवीन कुइँकेल, लुम्बिनी प्रदेशमा सचिव थापाको नेतृत्वमा केन्द्रीय सदस्य पुरुषोत्तम सुवेदी केन्द्रीय प्रतिनिधिका रूपमा जिम्मेवारी सम्हाल्नेछन्।

कर्णाली प्रदेशमा सचिव लक्ष्मी पुनको नेतृत्वमा केन्द्रीय सदस्य हरिहर सिंह राठौर र पूर्णप्रसाद चम्लागाईं, सुदूरपश्चिम प्रदेशमा सचिव रेम विश्वकर्माको नेतृत्वमा मीन वम र श्याम भट्ट तथा उपत्यका प्रदेशमा उपाध्यक्ष दिलीप थापामगरको नेतृत्वमा सदस्य छेटु शेर्पा र गोपाल बराइलीलाई केन्द्रीय प्रतिनिधि तोकिएको छ। त्यस्तै, प्रतिष्ठान र एशोसिएट प्रदेशमा थापाकै नेतृत्वमा केन्द्रीय सदस्यहरू टीकाराम प्रधान, जानुका बराल र राजेश चाम्लिङलाई जिम्मा दिइएको छ।

## पत्रकार महासङ्घ रौतहटमा लागेको तालाबन्दी खुल्यो

प्रस, रौतहट, २१ चैत/

नेपाल पत्रकार महासङ्घ, रौतहट शाखामा लागेको तालाबन्दी खुलेको छ। आज सरोकारवाला पक्षबीच सहमति भएपछि तालाबन्दी खोलिएको हो।

केही दिन पहिले सदस्यताको विषयलाई लिएर रौतहटका पत्रकारहरूले महासङ्घको कार्यालयमा तालाबन्दी गरका थिए। आज चैत २५ गते निर्वाचन सम्पन्न भएपछि शपथग्रहणपछि एक साताभित्र पहिलो बैठक गरी क्रियाशील सदस्यहरूलाई सदस्यता प्रदान गर्न सिफारिश गर्ने सहमति भएपछि ताला खोलिएको हो।

निवर्तमान पदाधिकारी र तालाबन्दी पत्रकारहरूबीच सहमति भएको पत्रकार चञ्चल झाले बताए।

### आजको राशिफल

| | |
|---|---|
| मेष – अस्वस्थता | वृष – वादविवाद |
| मिथुन – व्यापारवृद्धि | कर्कट – कडाश्रम |
| सिंह – चोरभय | कन्या – उदरपीडा |
| तुला – मित्रमिलन | वृश्चिक – धनखति |
| धनु – अन्नलाभ | मकर – खर्चवृद्धि |
| कुम्भ – धनलाभ | मीन – सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## जङ्गली हात्तीले विद्यालय भत्कायो

प्रस, सेढवा, २१ चैत/

ठोरीको एउटा विद्यालयमा जङ्गली हात्तीले क्षति पुऱ्याएको छ। शुक्रवार राति ठोरी गापा–३ शिकारीवासस्थित नेराप्रावि भवनमा जङ्गली हात्तीले क्षति पुऱ्याएको स्थानीय जितेन्द्र चौधरीले बताए।

जङ्गलबाट प्रवेश गरेका हात्तीको झुन्डमध्ये एउटा हात्तीले प्राविको भवनको झ्याल, ढोका उखेलेर फालेको छ।

अन्य हात्तीहरूले सो क्षेत्रमा लगाइएको धान, केरा खेतीमा क्षति पुऱ्याएका छन्। गाउँ प्रवेश गरेको हात्तीलाई स्थानीयले भगाउन खोज्दा हात्ती स्कूलमा प्रवेश गरी क्षति पुऱ्याएको चौधरीले बताए।



विद्यालयको जङ्गली हात्तीले पुऱ्याएको क्षति। तस्वीरः प्रतीक

लोकसेवाको तयारी

निजामती सेवाः शाखा अधिकृत, प्राविधिक सहायक (प्रा.स.), नायब सुब्बा, महिला विकास निरीक्षक, खरिदार, अमिन (सर्वेक्षक), विद्यालय निरीक्षक, कृषि तथा भेटेनरी जेटिए)

शिक्षक सेवाः माध्यमिक तह, निमावि तह, प्राथमिक तह, टिचिङ लाइसेन्स, त्रि.वि. सेवा आयोगका विभिन्न तह

ACHIEVERS INSTITUTE
Birgunj-8, Panitanki (Near Decimal College)
9823389488, 9865415634, 9811299300

# तृतीय उपाध्यक्ष राजपाललाई शपथ ग्रहण

प्रस, वीरगंज, २१ चैत/

वीरगंज उद्योग वाणिज्य सङ्घको नयाँ कार्य समितिको प्रथम कार्य समिति बैठकले सङ्घको रोजगारदाता परिषद्को संयोजकमा माधव राजपाललाई मनोनयन गरेको छ।

सङ्घको विधान अनुसार रोजगारदाता परिषद्को संयोजक कार्य समितिमा तृतीय उपाध्यक्ष मनोनयन गर्ने प्रावधान अनुसार राजपाललाई सङ्घका अध्यक्ष गुप्ताले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए।

कार्यक्रममा स्वागत गर्दै अध्यक्ष गुप्ताले वीरगंज उद्योग वाणिज्य सङ्घले विगतका वर्षहरूदेखि नै उठाउँदै आएको उद्योग, व्यापार र पारवहनलगायत क्षेत्रको सन्तुलित विकासलाई अझ प्रमुखताका साथ उठाउने उद्घोष गरे। उनले अन्योलपूर्ण परिस्थितिमा निजी क्षेत्रको भूमिका र अपेक्षालाई नेपाल सरकारसँग सहकार्य गरेर अल्पकालीन, मध्यकालीन र दीर्घकालीन समाधानका बाटो पहिल्याउन प्रभावकारी भूमिका खेल्ने आश्वासन दिए।


तस्वीरः प्रतीक

कार्यक्रममा प्रथम उपाध्यक्ष अनिल पटवारी, द्वितीय उपाध्यक्ष हरि गौतम, कोषाध्यक्ष गोविन्द साह, वीरगंज उद्योग वाणिज्य सङ्घका निवर्तमान अध्यक्ष गोपाल केडिया, नवनिर्वाचित पदाधिकारी लगायत सङ्घका कार्यसमिति सदस्यहरूको उपस्थिति थियो।

# पर्साका प्रजिअ आसमान तामाङको बिदाइ

प्रस, वीरगंज, २१ चैत/

ग्रीनसिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरले शनिवार कार्यक्रम गरी पर्साका प्रमुख जिल्ला अधिकारी आसमान तामाङलाई बिदाई गरेको छ।

ग्रीनसिटीका अध्यक्ष प्रकाश खेतानले खादा, माला र मायाको चिनो दिएर प्रजिअ तामाङको बिदाइ गरेका थिए।

प्रजिअ तामाङ यही २०७७ साल साउन २९ गते पर्सा जिल्लाको प्रजिअ भएर आएका थिए। उनको हालै रूपन्देही प्रजिअमा सरूवा भएको हो।

बिदाइ कार्यक्रममा सामाजिक कार्यकता प्रकाश थारू, सामुदायिक सेवा केन्द्र, छपकैयाका अध्यक्ष ग्यासुद्दिन मियाँ ठकुराई, सचिव अजित भुजेल, वीरगंज महानगरका सर्फुद्दिन मियाँ, व्रप्रका बिर्ता र श्रीपुरका प्रनिद्वय राजेशराज पुरी, दीपक साहलगायतको सहभागिता थियो।


तस्वीरः सौजन्य



Make your stay with us is a
memorable experience

Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## उद्घाटन खेलमा एपिएफ विजयी

प्रस, बारा, २१ चैत/

सिद्धेश्वर मावि, कलैयाको खेल मैदानमा शनिवारदेखि 'मेयर गोल्ड कप' फूटबल प्रतियोगिता शुरू भएको छ।

कलैया उपमहानगरपालिकाको आर्थिक सहयोगमा कलैया फूटबल क्लबले आयोजना गरेको उक्त प्रतियोगिताको उद्घाटन कलैया उपमहानगरपालिकाका प्रमुख राजेशराय यादवले गरेका हुन्। उद्घाटन कार्यक्रम आयोजक क्लबका अध्यक्ष कुलदिप ठाकुरको अध्यक्षतामा भएको थियो।

जनकपुर स्पोर्ट्स क्लब जनकपुर र सशस्त्र प्रहरी बल एपिएफ महोत्तरीबीच भएको उद्घाटन खेलमा एपिएफले जितेको हो। निर्धारित समयसम्म दुवै तर्फबाट गोल नभएपछि खेल टाइ- ब्रेकरमा पुगेको थियो। जनकपुर स्पोर्ट्समाथि २-४ गोलले एपिएफ महोत्तरी विजयी भएको हो।

खेलको म्यान अफ द म्याच सशस्त्र प्रहरी बल महोत्तरीका जर्सी नं.१ का मोहन खड्का घोषित भए। आइतवार ज्वाला दल गण ब्रह्मपुरी र कलैया फूटबल क्लबबीच खेल हुने आयोजक क्लबले जनाएको छ।

## रङ्गपुरमा फोरस्टार क्लबको विजयी सुरुआत

प्रस, पचगाँवा, २१ चैत/

पटेर्वा सुगौली गाउँपालिका-४ पर्सा पटेर्वामा प्रथम नकआउट गोल्डकप फूटबल प्रतियोगिता शुरू भएको छ। न्यु पञ्चम युवा क्लब, पटेर्वाको आयोजनामा शुरू भएको खेलको उद्घाटन नेपाली काङ्ग्रेसका युवा नेता चन्द्रकिशोरप्रसाद चौधरीले गरेका थिए।



तस्वीरः प्रतीक

सो अवसरमा गाउँपालिका उपाध्यक्ष ममता महतो, नेकाका अगुवा भगवती चौधरी, बालेश्वर दहैत, नरेश महतो, हृदयनारायण चौधरी, हरि यादवको सहभागिता थियो। विभिन्न १२ वटा टीमले प्रतिस्पर्धा गरेको उद्घाटन खेल फोर स्टार क्लब रङ्गपुर र समता समाज युवा क्लब निचुटाबीच भएको थियो।

सो खेलमा फोर स्टार क्लब रङ्गपुरले १ को विरुद्ध ३ गोल गरेर समता समाज युवा क्लब निचुटालाई पराजित गरेको हो।

फाइनल खेलमा प्रथम हुनेलाई रु ४० हजार नगद र कप प्रदान गरिने छ। त्यसैगरी दोस्रो हुने टीमलाई दोस्रो पुरस्कार-कप र २० हजार नगद प्रदान गरिने आयोजक संस्थाको अध्यक्ष राजु यादवले जानकारी गराएका छन्।

## सहकारी कप बुद्धिचाल जारी



प्रस, वीरगंज, २१ चैत/

ललितपुरको ताम्राकार भवनमा सञ्चालन भइरहेको गणेशमान सिंह स्मृति आठौं सहकारी कप फिडे रेटिङ बुद्धिचाल प्रतियोगिताको दोस्रो दिन दोस्रो र तेस्रो चरणका खेलहरू सम्पन्न भएको छ।

दोस्रो दिनको दोस्रो र तेस्रो चरणको खेलमा सुन्दर साकोस हेटौंडाका कृष्ण थापा, माउन्ट एभरेस्ट चेस एन्ड सोसियल क्लबका क्षितिज भण्डारी, दोलखाका सुमित पन्त, गजुरमुखी चेस क्लबका रिजेन्द्र राजभण्डारी, प्रकाश नेपाल र करुणामय साकोसका पूर्व नेपाल च्याम्पियन केशव श्रेष्ठले समान ९ अङ्का साथ संयुक्त अग्रता लिएको आयोजक संस्थाले जानकारी गराएका छन्।

ललितपुर स्पोर्ट्स क्लब र ताम्राकार समाजद्धारा संयुक्तरूपमा आयोजित प्रतियोगिताको दोस्रो चरणको खेलमा शीर्ष वरीयताका खेलाडी फिडेमास्टर रूपेश जैसवाललाई नोभा साकोर ललितपुरका युवा खेलाडी सुदिप तामाङले पराजित गरेका थिए। सुदिपले तेस्रो चरणको खेलमा दोलखाका मिलन लामासित बराबरी खेले। तामाङसँगै जनता साकोस ललितपुरका सजिन महर्जन, दमकका राजन सुवेदी, सिलुलाइट साकोस लुभुका कमल श्रेष्ठ, सुरोज महर्जन र सद्भाव कृषि सहकारी लुभुका अशोकमोहन श्रेष्ठ २ जीत र एक बराबरी खेली ७ अङ्का साथ संयुक्तरूपमा दोस्रो स्थानमा छन्।

६४ औं सहकारी दिवसको उपलक्ष्यमा आयोजित प्रतियोगितामा ९० जना खेलाडीले प्रतिस्पर्धा गर्दैछन्। पाँच दिने प्रतियोगिताका विजेताले यामाहा मोटरसाइकल, उपविजेताले नगद ६० हजार पाउने व्यवस्था गरिएको छ।

## बडनिहारमा एन्फाद्वारा बालबालिकालाई ग्रास रूट प्रशिक्षण

बलिराम शुक्ला, बिरुवागुठी, २१ चैत/

पर्सागढी नगरपालिका-३ बडनिहारस्थित खेल मैदानमा आजदेखि एन्फा ग्रास रूट प्रशिक्षण शुरू भएको छ।


ग्रास रूट प्रशिक्षण कार्यक्रममा सहभागि बालबालिका। तस्वीरः प्रतीक

पर्सा जिल्ला फूटबल सङ्घ र आमोदेवी युवा स्पोर्ट्स क्लब बडनिहारको सहयोगमा सञ्चालित प्रशिक्षणमा ६ वर्षभन्दा माथि र १४ वर्षभन्दा मुनिका बालबालिका सहभागी छन्।

पर्सा जिल्ला फूटबल सङ्घका अध्यक्ष दिवाकरकृष्ण मानन्धरले आमोदेवी युवा स्पोर्ट्स क्लबका अध्यक्ष शम्भुदास थारूलाई खेलकूद सामग्री हस्तान्तरण गरेर प्रशिक्षणको शुभारम्भ गरेका थिए।

सो अवसरमा पर्सा फूटबल सङ्घका अध्यक्ष मानन्धरले वीरगंज महानगरपालिकाबाट प्रशिक्षण शुरू भएको बताए। उनले जिल्लाको पाँच स्थानमा प्रशिक्षण दिने योजना रहेको र पर्सागढीमा आज गरिएको तथा क्रमशः अपौनी, निचुटा र सुपौलीमा एन्फा ग्रास रूट प्रशिक्षण शुरू गरिने बताए। उनले प्रशिक्षण अबको एक वर्षसम्म प्रत्येक साता शनिवार हुने र सोबाट बालबालिकाहरूको छनोट गरिने जानकारी गराए।

पहिलो दिनको प्रशिक्षण कार्यक्रममा अखिल नेपाल फूटबल सङ्घका केन्द्रीय सदस्य दीपक साह, एमालेका पालिका कमिटी अध्यक्ष गोकर्ण पाठक, पर्सा जिल्ला फूटबल सङ्घका प्रशिक्षक ग्रीष्म शाक्य, पूर्व फूटबल खेलाडी सन्दिप तामाङ, राजकुमार गुरुङ, वीरबहादुर पाख्रिनलगायत सहभागी थिए।

पहिलो शनिवार आज ६० जना बालबालिका प्रशिक्षणमा सहभागी रहेको बताइएको छ।



स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी
- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं। - फूटपाथमा जथाभावी पसल नराखौं। - मास्क र पञ्जा प्रयोग गरौं।
- अनावश्यक भीडभाड नगरौं। - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं। - वन-वे, टु-वे नियम पालना गरौं। - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं। - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं।
